# आर्थिक बर्ष २०८३।२०८४ सालको वजेट वक्तव्य

मितिः २०८३/०३/१० गते
समय : दिनको ११.००
स्थान : नगरपालिका को

**सभाहल**

यस गरिमामय सभाका सभाध्यक्ष एवं नगरपालिका का.वा नगर प्रमुख श्री कृष्ण कुमार लामा ज्यू, उपस्थित सभाका सदस्यज्यूहरु, कर्मचारी मित्रहरु, पत्रकार महानुभावहरु, सुरक्षाकर्मी तथा नागरिक समाजका सदस्य ज्यूहरु।

१. आज मिति २०८३ असार १० गते बुधवार मधेश प्रदेश, सर्लाही जिल्ला, वागमती नगरपालिका को आगामी आ.व. २०८३/०८४ को बजेट वक्तव्य प्रस्तुत गर्न यस गरिमामय सभा समक्ष उपस्थित भएको छु। यस खुसीको अवसरमा जनआन्दोलन, जनयुद्ध, मधेश आन्दोलन, Zen Z आन्दोलन लगायतका राजनैतिक अधिकार प्राप्तीका लागि भएका संघर्षहरुमा आफ्नो जीवन उत्सर्ग गर्नु हुने सम्पूर्ण ज्ञात अज्ञात शहिदहरुप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु। साथै घाईतेहरुको शिघ्र स्वास्थ्य लाभको लागि कामना गर्दै वेपत्ता नागरिकहरु प्रति सम्मानपूर्वक नमन गर्न चाहन्छु। साथै मुलुकको राजनैतिक आर्थिक एवं सामाजिक परिवर्तनमा युगान्तकारी रुपले नेतृत्वदायी भूमिका खेल्नु हुने महानुभावहरु प्रति हार्दिक सम्मान प्रकट गर्न चाहन्छु ।

२. आ.व. २०८३/०८४ को बजेट तथा कार्यक्रम तर्जुमा गर्ने क्रममा नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन २०७४ एवं नगरपालिका को मध्यकालीन खर्च संरचना, प्रथम पञ्चवर्षिय योजना, स्वीकृत ऐन, नियम, कार्यविधिहरु, मार्गदर्शन र विभिन्न बैठक तथा छलफलबाट प्राप्त भएको सुझावहरु समेतलाई समावेश गरी नगरपालिकावासीहरुको समग्र आर्थिक समृद्धि, सामाजिक न्याय सुनिश्चितता र समानुपातिक तथा समावेशी र सहभागितामुलक सिद्धान्तका आधारमा तर्जुमा गरेको छु।

३. नेपालको संविधानले तीन तहको सरकारको व्यवस्था गरे बमोजिम भएको मिति २०७९ बैशाख ३० गते सम्पन्न स्थानीय तह सदस्य निर्वाचनबाट स्थानीय सरकारका प्रतिनिधिको रुपमा हामी निर्वाचित भएको छोटो अवधिमा नै संस्थागत विकास गर्ने आफ्नो नगरपालिकाबासिहरुको लागि छिटो छरितो र प्रभावकारी सेवा घरदैलोमा नै प्रदान गर्ने सु-शासनको अनुभूति प्रदान गर्ने कार्यमा हाम्रो ध्यान केन्द्रित भएको छ। आवश्यक पूर्वाधारहरुको निर्माण तथा जनशक्ति व्यवस्थापन गर्दै नागरिकहरु प्रतिको कर्तव्य र दायित्वलाई वहन गर्दै आईरहेका छौं ।

४. संविधान र स्थानीय सरकार सञ्चालन ऐनले दिएको अधिकार प्रयोग गर्दै आफ्नो अधिकार क्षेत्रभित्र रहेर ऐन, नियम, कार्यविधिहरुको निर्माण गरी कानुनी शासन सञ्चालनका लागि आवश्यक पृष्ठभूमि तयार गरीएको छ। यसरी कानून प्रदत्त कार्यका लागि जनप्रतिनिधि र कर्मचारीहरुको क्षमता वृद्धिमा समेत ध्यान दिइएको छ ।

५. हाल यूरोप र मध्यूर्वी एसियमा भएको अस्थिरता उक्त अस्थिरताका कारण विश्वव्यापी रुपमा भएको मुल्य वृद्धि र उक्त मुल्य बृद्धिका कारण भएको आर्थिक उतारचडावका कारण हाम्रो देशमा समेत त्यसको प्रत्यक्ष असर भईरहेको विषम परिस्थितिमा समेत नगरपालिकाले पालिकावासीहरुका लागि प्रवाह गर्नुपर्ने सेवा, सुविधालाई उच्च प्राथमिकता दिएर बजेट तथा कार्यक्रम तर्जुमा गरिएको छ। स्थानीय वेराजगारीलाई न्यूनिकण गर्दै गरिबी कम गर्न यो बजेट महत्वपूर्ण हुनेछ।

६. वार्षिक नीति तथा बजेट कार्यक्रम तर्जुमाको क्रममा तथ्याङ्कको आधार लिईएको छ। नेपालको सोहौं योजना (आ.व. २०८१/०८२ देखि आ.व. २०८५/८६) प्रमुख मार्गदर्शनको रुपमा लिएको छु। साथै नगरपालिकाको प्रथम, आवधिक योजना, प्रथम मध्यमकालीन खर्च संरचना, यातायात गुरु योजना, पर्यटन गुरु योजना, दिगो विकासका लक्ष्यहरु अन्तराष्ट्रिय सन्धी सम्झौताहरु, संघीय तथा प्रदेश सरकारबाट प्राप्त मार्गदर्शनहरु समेतलाई आधार मानेको छु। यस बजेट तथा कार्यक्रमले नगरपालिका वासीहरुको समग्र हितमा टेवा पुग्ने विश्वास लिएको छु।

आदरणीय सभा अध्यक्ष महोदय,

७. विगत तथा चालु आ.व. मा भएको बजेट ब्यवस्थापन समेत मध्यनजर गरी आगामी आ.व. २०८३/०८४ का लागि वित्तीय परिचालन र खर्च अनुमान गर्दा वित्तीय सन्तुलन कायम गर्ने उद्देश्य लिई सोही अनुरुप बजेट तथा कार्यक्रमहरु तर्जुमा गरि विनियोजन गरेको छु। आ.व. २०८३/०८४ का लागि कूल रु. **१०८१४४२००० /- (एक अर्व आठ करोड चौध लाख वयालिस हजार**)को बजेट प्रस्ताव पेश गरेको छु।

**अव म यस नगरपालिकामा आर्थिक बर्ष २०८३।०८४ सालको कुल आय प्रस्तुत गर्न चाहन्छु ।**

## <u>आयको विवरण</u>

| **शीर्षक** | **आ.व.२०८३/८४ को आय अनुमान हजारमा** |
|---|---|
| राजस्व | |
| आन्तरिक राजस्व (दहत्तर वहत्तर र अल्या समेत) | ३४१५६५०००/- चौतिस करोड पन्ध्र लाख पैसठी हजार मात्र |
| **अन्तरसरकारी वित्तीय हस्तान्तरण** | |

| नेपाल सरकारबाट प्राप्त अनुदान | |
|---|---|
| • वित्तीय समानीकरण अनुदान | १२७७०००००/- वार्ह करोड सत्तहत्तर लाख मात्र |
| • सशर्त अनुदान चालु<br>• सशर्त अनुदान पूँजीगत | १९११०००००/- उन्नाइस करोड एघार लाख मात्र<br>५६०००००/- छपन्न लाख मात्र |
| • राजस्व बाँडफाँड प्राप्ती | ११४३२६०००/-एघार करोड त्रिचालिस लाख छव्वीस हजार मात्र |
| • रोयल्टी | ७००००० सात लाख मात्र |
| • विशेष अनुदान | ०/- सुन्य |
| • समपुरक अनुदान | १२३०००००/- एक करोड तेइस लाख मात्र |
| **जम्मा** | ४५१७२६००० (पैतालिस करोड सत्र लाख छव्विस हजार मात्र) |

| प्रदेश सरकारबाट प्राप्त अनुदान | |
|---|---|
| • वित्तीय समानीकरण अनुदान | ८६५१०००/- (छयासी लाख एकाउन्न हजार मात्र) |
| • सशर्त अनुदान | २,००,०००००/- (दुइ करोड मात्र) |
| • विशेष अनुदान (सह लगानी) | १००००००००० (एक करोड मात्र) |
| • समपुरक अनुदान | ५००००००/- (पाँच करोड मात्र) |
| • सवारी साधन कर | ९५०००००/-(पन्चानव्वे लाख मात्र) |
| **जम्मा** | १८८१५१०००/- (अठार करोड एकासी लाख एकाउन्न हजार मात्र) |
| अन्य संस्था निकाय अनुदान | |
| अन्य संस्था निकाय ब्यक्तिगत आन्तरिक आम्दानी | १००००००००० (दश करोड मात्र) |
| **श्रम तथा वस्तुगत सहभागिता** | |
| **कुल जम्मा** | **१०८१४४२००० /- (एक अर्व आठ करोड चौध लाख वयालिस हजार मात्र )** |

अव नगरपालिकाको कुल ब्यय हुने क्षेत्रको वारेका प्रकाश पार्न चाहन्छु

**<u>कुल व्यय</u>**

| कुल व्यय अनुमान | |
|---|---|
| प्रशासनीक खर्च | १३५२५४००० तेह्र करोड बाउन्न लाख चवन्न हजार मात्र |

| | |
|---|---|
| अन्य दायित्व | |
| वडागत आयोजना | २४००००० दुइ करोड चालिस लाख मात्र |
| नगर स्तरिय वडागत योजना | ३६००००० तीन करोड साठि लाख मात्र |
| पालिका स्तरिय पुजीगत योजना | २३२०००००० तेइस करोड वीस लाख |
| विषय क्षेत्रगत योजना | १४६६८८००० चौध करोड छैसठी लाख अठासी हजार मात्र |
| क्रमागत | ७८५००००० सात करोड पचासी लाख मात्र |
| ससर्त अनुदान संघ | १९६७०००००० उन्नाइस करोड सतसठी लाख मात्र |
| ससर्त अनुदान प्रदेश | २,००,००,००० ( २ करोड मात्र |
| समपुरक अनुदान संघ | १२३०००००० एक करोड तेइस लाख मात्र |
| सह लगानी प्रदेश | १००००००००० दश करोड मात्र |
| अन्य संघ संस्था ब्यक्तिगत अनुदान | **१००००००००। दश करोड** |
| कुल जम्मा व्यय | **१०८१४४२००० /- (एक अर्व आठ करोड चौध लाख वयालिस हजार)** |

**कुल व्यय**

आय व्यय विष्लेषण

संघीय सरकारवाट वित्तीय समानीकरण अनुदान, सर्शत अनुदान, विशेष अनुदान समपुरक अनुदान, राजस्व बाँडफाँडबाट कूल रकम रु. ४५१७२६००० पैतालिस करोड सत्र लाख छव्वीस हजार प्राप्त भएको छ। प्रदेश सरकारबाट वित्तीय समानीकरण अनुदान, सर्शत अनुदान, विशेष अनुदान, समपुरक अनुदान, राजस्व बाँडफाँड प्राप्ति गरी कूल रकम रु. १८८१५१०००/- अठार करोड एकासि लाख एकाउन्न

हजार मात्र प्राप्त भएको छ। साथै आन्तरिक आय रोयल्टी, मालपोत रजिष्ट्रेशन समेत गरी रु. ३४१५६५०००/- चौतिस करोड पन्ध्र लाख पैसठी हजार हुने अनुमान गरेको छु ।

## आय व्यय अनुपात

| विवरण | बजेट (रु हजारमा) | प्रतिशत |
|---|---|---|
| चालु बजेट जम्मा सशर्त कार्यक्रम समेत | ३१६५५४००० एकतीस करोड पैसठी लाख चववन्न हजार मात्र | २९.२८ प्रतिशत |
| पुजिगत तथा कार्यक्रम खर्च जम्मा | ७६४८८८००० छयात्तर करोड अठतालीस लाख अठासी हजार मात्र | ७०.७२ प्रतिशत |

८. वडा स्तरवाट नै जन सहभागित सृजना गर्ने उदेश्य अनुरुप वडा स्तरमा संचालन हुने योजनाका लागि सबै वडाहरुलाई समानुपितर रुपमा पचास लाखका दरले रु ६ करोड विनियोजन गरेको छु ।

९. नगरपालिकामा विगत बर्षहरुका वोलपत्र आव्हान भइ अधुरा रहेका सडक, पर्यटन क्षेत्र, अस्पताल लगायतका भवन निर्माण सँग सम्वन्धित आयोजनाहरु, र विषयगत शाखाहरुले संचालन गर्न विभिन्न आर्थिक विकास, सामाजिक विकास, पूर्वधार विकास, वातावरण संरक्षण समग्र सेवा प्रवाह र सुशासनका लागि उचित वजेट विनियोजन गरेको छु । उक्त क्षेत्रगत वजेटको विस्तृत ब्याख्या विषयगत क्षेत्रको कार्यक्रममा समावेश गरेको छु ।

१०. न्यायिक समिति मार्फत हुने कार्यक्रम, युवा लक्षित व्यावसाय प्रर्वद्धन, महिला, बालबालिका, आदिवाशी जनजाती, आपाङ्ग तथा दलितसँग सम्बन्धित कार्यक्रम सरोकारवाला पक्षहरुको राय सल्लाह सुझाव बमोजिम सञ्चालन हुने व्यवस्था मिलाएको छु ।

११ यस नगरपालिकालाई आर्थिक सामाजिक तथा वातावरणीय हिसाबले सम्बृद्ध सौहार्द र स्वच्छ तुल्याउन प्रत्यक्ष र परोक्ष रुपमा योगदान गर्ने साथै नगरपालिकाको उच्च प्राथमिकतामा परेका आयोजनाहरुलाई नगरका गौरबका आयोजनाको रुपमा गत विगत वर्षमा नै घोषणा भएको नगरपालिकाका गौरवका आयोजनाहरुलाइ निरन्तरता दिइ स्वामित्व ग्रहण गरिएको छ । यी आयोजना तय गर्दा नगरपालिकाको सबल पक्षहरु, उपलब्ध प्राकृतिक तथा मानवस्रोत, साधन र स्थानीय आवश्यकतालाई समेत मध्यनजर गर्दै पहिचान भएको र निर्माणधिन आयोजनाहरुलाई पुर्ण वनाउने लक्ष्य लिइएको छ ।

१. मिनीचेयर नेपालको आखिझ्याल योजना
२. व्यवस्थित आर्यघाट निर्माण योजना
३. बजार केन्द्र निर्माण योजना
४. सामुहिकृत साँस्कृतिक नमूना वस्ती विकास योजना
५. बागमती माछापोखरी निर्माण योजना
७. बागमती फनपार्क एण्ड रिसोर्ट निर्माण
८. कृषि आधुनिकिकरण योजना
९. ल्याण्ड पुलिङ् योजना
१०. नगर बँगैचा आयोजना
११. डिजिटल गभर्नेन्स योजना
१२. बौद्ध तपोवन पर्यटकीय स्थल निर्माण आयोजना

१२. रेडियो, टेलिभिजन तथा छापा पत्रपत्रिका मार्फत नगरपालिका को सूचना आफ्ना पालिकावासीहरु समक्ष पुऱ्याउनका लागि आवश्यक बजेटको व्यवस्था गरेको छु ।

१३ यस नगरपालिकालाई सडक दुर्घटनावाट सुरक्षित नगरपालिका वनाउनको लागि सडक फर्निचर र सिसि क्यामेरा जडानका लागि उचित वजेट विनियोजन गरेको छु ।

१४ स्थानीय स्तरका किसानहरुको फलफुल तथा तरकारीजन्यउत्पादनलाई उच्च प्रतिफलयुक्त वनाउन वडा ४ मा सित भण्डार निर्माणका लागि वजेट विनियोजन गरेको छु साथै कृषिजन्य अन्य उत्पादन भण्डारणका लागि अन्न भण्डार केन्द्र यसै बर्ष देखि संचालनमा ल्याउन आवश्यक ब्यवस्था मिलाएको छु ।

१५ यसमा छुट भएका विषयहरु विनियोजन ऐनको अनुसूचीहरुमा उल्लेख गरेको छु

अन्तमा,

बागमती नगरपालिकाको आर्थिक वर्ष २०८३/८४ को प्रस्तुत बजेटले संविधानमा उल्लिखित राज्यका निर्देशक सिद्धान्त, नीति तथा दायित्वको प्रभावकारी कार्यान्वयन मार्फत "स्वास्थ्य, शिक्षा, कृषि र रोजगार, समृद्ध बागमती, पर्यटन र पूर्वाधार" को सपनालाई साकार पार्नेछ । यस बजेटमा अन्तनिहित उद्देश्य प्राप्त गर्न नगरपालिकाले सहमति, सहकार्य र सामूहिक प्रतिबद्धताको नीति अवलम्बन गर्नेछ । प्रस्तुत बजेट तथा कार्यक्रमको कार्यान्ववनमा नगरपालिकालाई सबैबाट सक्रिय सहयोग प्राप्त हुने आशा लिएको छु ।

सबै राजनीतिक दल, राष्ट्रसेवक कर्मचारी तथा सुरक्षाकर्मी, मजदुर, किसान, उद्योगी व्यवसायी, बैङ्क तथा वित्तीय क्षेत्र, सामुदायिक तथा सहकारी क्षेत्र, नागरिक समाज, सञ्चारकर्मी लगायत सम्पूर्ण दाजभुाइ तथा दिदीबहिनीहरूमा हार्दिक धन्यवाद ज्ञापन गर्दछु । नगरपालिकाको विकासमा निरन्तर सहयोग पुर्याउँदै आएका नेपाल सरकार, मधेश प्रदेश सरकार र साझेदार संघ संस्थाहरुलाई हार्दिक धन्यवाद व्यक्त गर्दै आगामी दिनमा समेत निरन्तर सहयोग प्राप्त भइरहने विश्वास व्यक्त गर्दछु ।

धन्यवाद।

रुपा बोम्जन
का.बा नगर प्रमुख
वागमती नगरपालिका,सर्लाही